# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

☎ ०३३-५४००९९
ईमेल:golbazarmun@gmail.com
वेवसाइट :www.golbazarmun.gov.np

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश नेपाल

प.सं. ०७९/८०
च.नं.

मिति : २०८०/०३/३१

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्ने सम्बन्धी सूचना ।

सामाजिक सुरक्षा नियमावली, २०७६ (दोस्रो संशोधन) को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०८० श्रावण १ गते देखि भाद्र मसान्त सम्ममा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । बालबालिका, पुर्ण अपाङ्गता भएका, ९० वर्ष माथिका जेष्ठ नागरिक तथा आफै उपस्थित हुन नसक्नेको हकमा संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् ।

**तपसिल :**

१. नागरिकता प्रमाणपत्रको सक्कल प्रति
२. हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति ।
३. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र र संरक्षको नागरिकताको प्रमाणपत्रको सक्कल प्रति
४. अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्र ।
५. विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्र र एकल महिलाको हकमा अर्को विवाह नगरेको प्रमाणपत्र ।

...............................
अनन्त कुमार पौड्याल
प्रमुख प्रशासकीय अधिकृत